**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति -२०६३ कात्तिक २**

---

# उच्चायुक्तद्वारा नेपालसम्बन्धी प्रतिवेदन महासभामा प्रस्तुत

मानवअधिकार उच्चायुक्तको नेपालसम्बन्धी वार्षिक प्रतिवेदन न्युयोर्कमा महासभाको तेस्रो समिति (सामाजिक, मानवीय र साँस्कृतिक)मा हिजो टेबुल गरियो । उच्चायुक्त लुइस आर्वरले आफ्नो प्रतिवेदनमा अप्रिल (चैत-वैशाख)मा भएको आन्दोलनपछि भएका राजनीतिक परिवर्तनहरू र त्यसपछि घोषणा गरिएका युद्धविरामले मानवअधिकारको स्थितिमा महत्वपूर्ण प्रभाव पारेको, खासगरी भिडन्तहरूको अन्त्यपछि अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनहरूका सम्बन्धमा, तथा अभिव्यक्ति र भेला हुने स्वतन्त्रताले बढी सम्मान पाएको कुरा बताउनु भयो ।

उच्चायुक्तको प्रतिवेदनले चालिएका केही सकारात्मक कदमहरूको विवरण दिएको छ र शान्ति प्रक्रियाले सबै पक्षद्वारा मानवअधिकारको सम्मानमा निरन्तर सुधारको आशा दिएको तथ्यमा जोड दिएको छ । साथै, यसले अझै सम्बोधन गर्नुपर्ने मुद्दा धेरै छन् भन्नेमा जोड दिएको छ । सबै पक्षले दिगो शान्तिलाई सुरक्षित राखिन्छ भन्ने सुनिश्चित गर्नका लागि मानवअधिकार शान्ति प्रक्रियाको केन्द्रमा रहोस् भन्ने सुनिश्चित गनुपर्छ । शान्ति प्रक्रियामा कुनै पनि आघात परेमा त्यसले मानवअधिकारको स्थितिमा नकारात्मक असर पार्ने र यो असर सम्भवतः विनासकारी पनि हुनसक्ने खतरा छ ।

नेकपा-माओवादीद्वारा भइरहेका अपहरण, दुर्व्यवहार, हत्या र बाल भर्तीलगायतका दुर्व्यवहारहरू तथा प्रहरी र नेपाली सेनाद्वारा भएका उल्लङ्घनहरू प्रतिवेदनमा अभिलिखित गरिएका छन् । मानवअधिकारको सम्मान गर्न दुवै पक्षले व्यक्त गरेका प्रतिबद्धताहरूको अवमूल्यन गर्ने यस्ता दुर्व्यवहारहरूको अन्त्य गरिनुपर्दछ ।

प्रतिवेदनले कानुन कार्यान्वयनको कमजोरी वा अनुपस्थिति र न्याय सम्पादन प्रणालीको पनि उल्लेख गरेको छ । कानुनको शासनलाई दृढतापूर्वक स्थापित गर्न, मानवअधिकारको संरक्षण गर्न र शान्ति प्रक्रियालाई अवमूल्य गर्ने खतरा भएका तत्वहरूको उद्‌गमन हुन नदिनका लागि यी दुवैलाई बलियो बनाउनु अत्यावश्यक हुनेछ । अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूअनुसार भएको प्रभावकारी कानुन कार्यान्वयनले संविधानसभाको निर्वाचन प्रक्रिया यसको प्रारम्भिक चरणदेखि नै डर, धम्की वा अन्य अझ गम्भीर दुर्व्यवहार नभइकन आयोजना गर्न सकिन्छ भन्ने सुनिश्चित गर्न सहयोग पनि पुग्नेछ । यस सन्दर्भमा, पर्याप्त सहभागिता र प्रतिनिधित्वका लागि सम्बद्ध पक्षले सीमान्तकृत समूहका मागलाई स्वीकार्नु पर्ने पनि सो प्रतिवेदनले उल्लेख गरेको छ ।

सो प्रतिवेदनले अन्तरिम संविधान मस्यौदा समिति र त्यसपछि राजनीतिक दलहरूसमक्ष सिफारिसहरू पेश गरेको उल्लेख गरेको छ, जसले बाँच्न पाउने अधिकार; अतीतप्रभावी फौजदारी कानुन र माफी; यातना र स्वेच्छाचारि पक्राउ र थुनाबाट स्वतन्त्रता ( बेपत्तालगायत); निष्पक्ष सुनुवाइका अधिकारहरू र बालन्याय तथा न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी विद्यमान मानवअधिकार प्रावधानहरूलाई बलियो बनाउनेछ । उच्चायुक्तको कार्यालय, नेपाल सङ्कटकालको बेला बाँच्न पाउने अधिकार, यातनाविरुद्ध निषेधजस्ता मौलिक अधिकारहरूको संरक्षण गर्ने आफ्ना दायित्वहरूलाई पन्छाउन अन्तरिम संविधानको वर्तमान मस्यौदाले नेपाल सरकारलाई छुट दिनेछ भन्नेमा धेरै चिन्तित छ । अन्तरिम संविधानले नेपालका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्वहरूलाई पूर्ण रूपमा मान्न अत्यावश्यक छ ।

राज्यको तहमा र नेकपा-माओवादीद्वारा भएको दण्डहीनताको वर्तमान वातावरणलाई प्रभावकारी रूपले अन्त्य गर्न मानवअधिकार दुर्व्यवहार गर्नेहरूलाई जिम्मेवार ठहऱ्याउनु अत्यावश्यक छ, र यो प्राथमिकताको विषय हुनुपर्दछ । प्रतिवेदनमा दण्डहीनतालाई सम्बोधन गर्न केही कदमहरू चालिएको तर यी उपायहरू निकै अपर्याप्त भएको उल्लेख छ । दण्डहीनताविरुद्ध लड्ने कार्य सबैभन्दा ठूला मानवअधिकारसम्बन्धी चुनौतीहरूमध्ये एक रहेको छ ।

उच्चायुक्तको प्रतिवेदन लेखिएयता गृह मन्त्रालयले बेपत्ता भएका करिब ६०० नामको सूची र यसले स्थिति स्पष्ट गरिएको भनेका करिब १७४ मुद्दा प्रतिनिधिसभामा प्रस्तुत गरेको छ । उच्चायुक्तको कार्यालय, नेपाल सो जानकारीको पूर्ण मूल्याङ्कन गर्ने प्रक्रियामा छ, तर

अहिलेसम्म अध्ययन गरिएका मुद्दाहरूको आधारमा, सुरक्षाफौजद्वारा उपलब्ध गराइएको अप्रमाणित जानकारीको आधारमा अधिकांशको अवस्था स्पष्ट पारिएको देखिन्छ, जसको स्वतन्त्ररूपले प्रमाणित भएको छैन ।

४९ मध्ये कतिपय मुद्दाहरू जुन भैरबनाथ गणद्वारा यातना दिएको र बेपत्ता पारिएको बारे उच्चायुक्तको कार्यालयको प्रतिवेदनमा समावेश गरिएका थिए र जसको भाग्यस्थिति नेपाली सेनाले स्पष्ट पारिएको भनी दावी गरेको छ तीबारे निरन्तर सरोकार भएको उल्लेख गर्दै उच्चायुक्तको कार्यालय, नेपालले प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालालाई असोज ३१ गते एक पत्र पठायो । नेपाली सेनाका छानबिन पारदर्शी वा निष्पक्ष नभएको र उच्चायुक्तको कार्यालय, नेपालले दुर्व्यवहारबारे गरिएका सैनिक छानबिन र सैनिक अदालतका कारबाहीसम्बन्धी कागजातको पहुँच उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराउन निरन्तर अस्वीकार गरेको कुरा महासभामा पेश गरिएको उच्चायुक्तको प्रतिवेदनमा उल्लेख छ । उच्चायुक्तको कार्यालयले भैरवनाथ गणद्वारा यातना दिइएका र बेपत्ता पारिएकासम्बन्धी यसको आफ्नो प्रतिवेदनमा भएका आरोपहरूका सम्बन्धमा विस्तृत जवाफ अझै पाएको छैन र यसले यी सबै बेपत्ता भएकाहरूबारे छानबिन गर्न स्वतन्त्र जाँचबुझका लागि घचघच्याइरहेको छ ।

द्वन्द्वको सन्दर्भमा नेकपा-माओवादीद्वारा अपहरण गरिएका अनेकौं व्यक्तिहरूको भाग्यस्थिति स्पष्ट पार्ने कार्यमा प्रगतिको अभाव र सन् २००५ मा चितवनको मादीमा एउटा सार्वजनिक बसमाथि भएको आक्रमणको घटनामा लगायत गरिएका कुनै पनि दुर्व्यवहारहरूका लागि नेकपा-माओवादीका कार्यकर्ताहरूलाई जवाफदेही ठहऱ्याउन भएको असफलताबारे पनि गम्भीर सरोकारहरू उच्चायुक्तको प्रतिवेदनमा उल्लेख गरिएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोग (रामाअआ)ले खेल्ने प्रमुख भूमिकालाई प्रतिवेदनमा स्वीकार गरिएको छ । उच्चायुक्तको कार्यालय, नेपाल पारदर्शी र परामर्शको प्रक्रियामार्फत् स्वतन्त्र आयुक्तहरूको समयमै नियुक्त गर्न दवाव दिइरहेको छ । उच्चायुक्तको कार्यालय, नेपाल कुनै पनि नयाँ आयुक्तहरूको छनौट राजनीतिक सम्बद्धताको आधारमा हुनुहुँदैन भनेर पनि आफ्नो चिन्ता व्यक्त गरिरहेको छ । देशभरि मानवअधिकारको रक्षा तथा संरक्षण गर्न रामाअआलाई जतिसक्दो चाँडो एउटा पूर्ण कार्यकारी, व्यवसायिक, स्वतन्त्र र निष्पक्ष निकायको रूपमा विकास गरिन अत्यावश्यक छ ।

साथै, प्रतिवेदनले आन्तरिक विस्थापनको मुद्दालाई सम्बोधन गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ जसले गर्दा विस्थापित व्यक्तिहरू विनाडर आफ्नो जन्मथलोमा फर्कन सक्छन् । यसले अन्तर्राष्ट्रिय समुदायको प्राविधिक र आर्थिक सहयोग प्राप्त हुनसक्ने फिर्तीसम्बन्धी ठोस र बृहत् योजना तर्जुमा र कार्यान्वयन गर्न सरकारलाई आह्वान गरेको छ । यसले आन्तरिक रूपले विस्थापित व्यक्तिहरूको सुरक्षित र ससम्मान फिर्ती एवं उनीहरूको सम्पत्तिको फिर्ती सम्बन्धमा गरिएका प्रतिबद्धताहरूको स्थानीय तहमा पालना सुनिश्चित गराउन पनि नेकपा-माओवादीलाई आह्वान गरेको छ ।

उच्चायुक्तको प्रतिवेदनले आफ्ना प्रियजनहरू गुमाएर; यातना र थुनाको परिणामस्वरूप; बमद्वारा तथा घरेलु विस्फोटक पदार्थबाट अङ्गभङ्ग भएर; विस्थापन र आर्थिक कठिनाइ; द्वन्द्वको मनोवैज्ञानिक धक्काका कारण सयौं हजार मानिस द्वन्द्वबाट प्रभावित भएका छन् र अझै धेरैले त्यसको असर खेप्नु परिरहेको कुरालाई प्रतिविम्वित गरेको छ । यसले सरकार र नेकपा-माओवादीले आफ्ना संझौताहरूमा मानवअधिकार शान्ति प्रक्रियाका लागि केन्द्रीय तत्वहरू हुन् भन्ने स्वीकारेका छन् भन्ने उल्लेख गरेको छ । नागरिक समाजले आफ्नो सबैभन्दा बृहत् अर्थमा आफ्ना मागहरूमध्ये धेरै मानवअधिकारको अर्थमा निर्माण गरेको छ । शान्ति प्रक्रियाले लामो समयदेखिका मानवअधिकारसम्बन्धी मुद्दाहरू, खासगरी गहिरो रूपमा जरो गाडेर रहेका विभेद, पक्षपात र सीमान्तकृत समूहहरूका विरुद्ध दुर्व्यवहार, एवं आर्थिक विषमताहरूको समाधान गर्नेछ भन्ने आशा छ ।

शान्ति प्रक्रियाले मानवअधिकारका सम्बन्धमा दिगो सुधारको आशा जगाएको छ । तर, दिगो शान्ति र न्याय प्राप्त गर्न द्वन्द्वरत पक्षले मानवअधिकारप्रतिका आफ्ना लिखित प्रतिबद्धताहरूलाई प्रभावकारी, दिगो कार्यमा परिणत गर्नु अत्यावश्यक छ । उच्चायुक्तले आफ्नो प्रतिवेदनमा उल्लेख गरेजस्तै, उच्चायुक्तको कार्यालय, नेपाल शान्ति प्रक्रियासँग सम्बन्धित मानवअधिकार विषयहरूबारे सहयोग गर्न तयार छ ।

---

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org